Rautamai Rural Municipality
Office of the Rural Municipal Executive
Bhuttar, Udayapur
Province No.-1, Nepal

रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
प्रदेश नं. १, नेपाल

प्रथम पटक प्रकाशित मितिः २०७८।११।०६

## पञ्जीकरण शाखा व्यक्तिगत घटना दर्ता(जन्म, मृत्यु, विवाह, बसाईराई र सम्बन्ध विच्छेद) शिविर सञ्चालन दरभाउ पत्र (परामर्श सेवा) आव्हानको सूचना ।

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार पञ्जीकरण शाखा व्यक्तिगत घटना दर्ता(जन्म, मृत्यु, विवाह, बसाईराई र सम्बन्ध विच्छेद) शिविर सञ्चालन दरभाउ पत्र (परामर्श सेवा) गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सो कार्यको लागि इजाजत प्राप्त उल्लेखित फर्म/कम्पनीहरूबाट निम्न शर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउपत्र (परामर्श सेवा) आह्वान गरिएको छ ।

१. दरभाउपत्र (परामर्श सेवा) फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितले १५ दिन (कार्यालय समयमा) भित्र उल्लेख भए बमोजिम (पछि फिर्ता नहुने गरी) यस कार्यालयको भुट्टार स्थित प्रभु बैंक रौतामाई शाखाको आन्तिरक राजश्व खाता नं. २१५०१५२३९६०००३५ मा बुझाएको नगदी रसिद वा बैंक भौचरका साथ आ.व. २०७७/०७८ सम्मको नवीकरण भएको फर्म वा कम्पनीको इजाजत पत्र र आएकर दर्ता प्रमाण पत्र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र आ.व. २०७७/०७८ सम्मको आएकर चुक्ताको प्रमाण पत्रहरूको प्रमाणित प्रतिलिगिहरू सङ्कलन राखी इच्छुक फर्म वा कम्पनीहरूबाट वा निजको आधिकारिक प्रतिनिधिले कार्यालय समय भित्र यस कार्यालय बाट खरिद गर्न सक्नेछ ।

२. खरिद भएका दरभाउ (परामर्श सेवा) पत्रहरूको प्रत्येक पानामा सहीछाप र शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम, नम्बर लेखी सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२ बजे सम्म खाम बन्दि गरी यस कार्यालयमा दर्ता गरी पेश गर्न सकिनेछ । तोकिएको मिति तथा समय भन्दा पछि बुझाएको शिलबन्दि दरभाउ पत्र स्वीकार गरिने छैन ।

३. प्राप्त भएका दरभाउ पत्रहरू १६औं दिन अपराह्न २ बजे उपस्थित भएका दरभाउ पत्र दाता वा निजहरूको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउ पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पुग्ने छैन ।

४. दर्ता गर्न ल्याएका दरभाउ पत्रको खाममा दरभाउ पत्र दाताको नाम र ठेगाना, ठेक्का नम्बर स्पष्ट सँग लेखिएको हुनु पर्नेछ ।

५. धरौटी रकम यस कार्यालयको भुट्टार स्थित प्रभु बैंक रौतामाई शाखा धरौटी खाता नं. २१५०१५२३९६०००१८३ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल प्रभु बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको बैंक ग्यारेण्टी (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

६. दरभाउ पत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट तत् तत् समयमा गरिनेछ ।

७. दरभाउ पत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्ट सँग उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा देखिएकोलाई मान्यता दिइनेछ ।

८. कुनै कारण जनाइ वा निजलाई ठेक्का स्वीकृत गर्ने, आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । दरभाउ पत्र पेश गर्दा शिलबन्दी दरभाउ पत्र दाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको शिलबन्दि दरभाउ पत्रलाई वदर मानिनेछ । साथै रीत नपुगी वा म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

९. ठेक्काको सम्बन्धमा कुनै किसिमको विवादको स्थिति स्वीकार्य हुने छैन । ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा प्रचलित कानून ऐन नियमको परिधि भित्र यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।

१०. यस कार्यालयको छाप र कार्यालयबाट प्रमाणित नभएको दरभाउ पत्र फारामलाई मान्यता दिइने छैन ।

११. दरभाउ पत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।

१२. यसमा उल्लेख भएका कुराहरूमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरूको हकमा प्रदेश, संघ तथा स्थानीय तहको प्रचलित कानून बमोजिम हुनेछ ।

द्रष्टव्यः यस सम्बन्धी विस्तृत जानकारीका लागि गापाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ, सम्पर्क फोन नं. ९८४९२२४६८२

| ठेक्का नं. | विवरण | ईष्टिमेट अङ्क मु.अ. करसहित | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| २१/२०७८/०७९ परामर्श सेवा | व्यक्तिगत घटना दर्ता(जन्म, मृत्यु, विवाह, बसाईराई र सम्वन्ध विच्छेद) शिविर सञ्चालन | ७२९००० | २००० | १००० | |

..............................
रामनारायण चौधरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner